


चेतनामूलक र्‍याली

## अपेक्षित प्रतिफल

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न विभिन्न कृयाकलापहरू प्रस्तावित गरिएका छन् जसबाट निम्न छ वटा प्रतिफलहरू प्राप्त हुने अपेक्षा गरिएको छः

(१) सामाजिक परिवारहरूले मानव अधिकारको अनुगमन र ती अधिकारहरुरूको परिपूर्तिका लागि वकालतका क्रियाकलापहरू संचालन गरिरहेका हुनेछन् ।

(२) समग्र संस्थागत रुपमा सक्षम भई सिमान्तकृत समुदायका महिला र पुरुषहरुका लागि मानवअधिकारको दावी र अभ्यास गर्न सशक्तिकरणमा योगदान पुऱ्याईरहेको हुनेछ ।

(३) सामाजिक परिवारहरूले आफूले ग्रहण गरेका हिंसारहित शान्तिपूर्ण तरिकाहरूको प्रयोग गरी उनीहरूका असन्तुष्टिहरूलाई सम्बोधन गर्ने र सामाजिक सहिष्णुतामा वृद्धी गर्ने कार्य गरिरहेका हुनेछन् ।

(४) समुदायमा आधारित स्वावलम्वी संगठनहरु (सामाजिक परिवार) ले स्थानीय साधन श्रोतहरुको समन्वय र परिचालन गरिरहेका हुनेछन् ।

(५) सिमान्तकृत समुदायहरुले आफूले सिकेका सीपहरु तथा प्राप्त गरेका व्यवसायिक तालिममा आधारित लघु व्यवसायहरु संचालन गरिरहेका हुनेछन् ।

(६) ग्रामीण पूर्वाधार/सेवाहरु निर्माण, मर्मत सम्भार र वातावरण संरक्षण गरी सिमान्तकृत समुदायहरूको जीवनस्तर वृद्धि भएको हुनेछ ।

समग्रका आधारभूत तहमा रहेका साझेदारहरू/संजाल जसलाई क्षेत्रीय तथा जिल्ला कार्यालयहरू र स्वयंसेवी कार्यकर्ताहरूले परिचालन गर्दछन्

- ५१६ वटा सामाजिक परिवारहरू र ९११ वटा आयआर्जन समितिहरु (सामाजिक परिवारमा रुपान्तरण हुने क्रममा) जसमा ५०,००० भन्दा बढि घरपरिवारहरू संलग्न छन् ।
- ४२ वटा सहकारी संस्थाहरू (जसमध्ये ७ वटा महिला सहकारी)
- ६ वटा जिल्ला सामाजिक परिवारहरू (सम्बन्धित जिल्लामा दर्ता भइसकेका)
- विभिन्न मानवअधिकार तथा अन्य संस्थाहरूसँग सहकार्य र सञ्जाल

हाल समग्रका स्थानीयस्तरका साझेदार संस्थाहरूमा गरिबी निवारण कोष, लमजुङ्ग जिविस (LGCDP कार्यक्रम), आदि छन् भने अन्तर्राष्ट्रिय तयनीतिक साझेदारहरमा डानिडाह्युगो र प्राक्टिकल एक्सन छन् । विगतमा अन्तर्राष्ट्रिय साझेदारहरु यूएसएड, जिटीजेड, एक्सनएड र सिसिओसँग सहकार्य थियो ।

## पाँचवर्षीय तयनीतिक योजना

विगतका अनुभव, चुनौति तथा सिकाइलाई समेट्दै, प्राथमिक सरोकारवालाहरू (सामाजिक परिवारहरू) को आवश्यकता तथा कार्यक्रमहरुलाई समायोजन गरेर वर्तमान परिवेसलाई ध्यान दिई समग्रले आफ्नो १५ वर्षे परिकल्पनाको खाका तयार गरेको छ र त्यसमा आधारित भएर एउटा ५ वर्षे तयनीतिक तथा कार्यसञ्चालन योजना २०६६-७० तयार गरेको छ। आफ्नो यो परिकल्पनालाई सामाजिक परिवार मार्फत कार्यन्वयन गरी विस्तार गर्न यसले दुईपाटे नीति (अधिकारमा आधारित सशक्तिकरणको साथसाथै जीविकोपार्जन) अवलम्वन गरेको छ ।

## मुख्य उपलब्धिका केही उदाहरणहरू

### मानवअधिकारहरूको परिपूर्तिको लागि वकालत र उल्लँघनका विरूद्ध अभियान

- २६,००० भन्दा बढीले नागरिता प्रमाणपत्र पाए
- ६,००० भन्दा बढी दलित/जनजाति बच्चाहरू विद्यालय भर्ना भए र ६,००० भन्दा बढीले छात्रवृति पाए

| संस्थामा समावेसीकरण | | | |
|---|---|---|---|
| | साधारण सभा | कार्य समिति | कर्मचारी |
| महिला | १६ | ४ | १४ |
| दलित | ११ | १ | ९ |
| आदिवासी जनजाती | १२ | ३ | १३ |
| मधेसी | १२ | ३ | ८ |
| अन्य | १८ | ५ | १२ |
| अपाँगता भएका व्यक्ति | १ | - | - |
| जम्मा | **४१** | **९** | **३४** |
| | | **स्वयं सेवक** | **६०** |

- एक पटक रु १ करोडको लगानीले सशक्त भएका सामाजिक परिवारहले रु. ६ करोड बराबरको श्रोतहरु दावी गरी परिचालन गरे (लगानी र प्रतिफलको अनुपात १:६)
- सरकारी अधिकारीहरूबाट जनताहरूलाई प्रदान गरिने सेवा र व्यवहारमा सकारात्म परिवर्तन
- सामाजिक परिवारहरूबाट स्थानीय स्तरमा गरिने नियमित अनुगमनको अतिरिक्त ७१ वटा मावनअधिकार उल्लँघनका घटनाहरूमा कार्वाही भएको



घोडेटो बाटोमा खच्चरहरु

### दलित / जनजातिहरूको राजनीतिक सशक्तीकरण

- सामाजिक परिवारको प्रत्यक्ष सदस्य १ जना र समग्रको कार्यक्रमबाट परोक्षरुपमा लाभान्वित अन्य ५ जना महिलाहरू संविधानसभा सदस्यका रूपमा निर्वाचित/मनोनित
- सा.प.का ६०० भन्दा बढी सदस्यहरू स्थानीयस्तरको नेतृत्वमा

### स्थानीयस्तरमा द्वन्द्व रुपान्तरण र शान्ति स्थापना

- ३२४ जनालाई तालिम प्रदान र १८० जना प्रशिक्षक सा.प.स्तरमा तयार
- सा.प.स्तरमा २२६ वटा द्वन्द्वका घटनाहरू व्यवस्थापन
- तराई र पहाडका सामाजिक परिवारहरूका अवलोकन भ्रमण जसले मधेसी र पहाडीबीचको सद्भाव र सहिष्णुतामा वृद्धि
- करिब ५०० सा.प.का १०,००० घरपरिवारहरूबाट सामाजिक सहिष्णुता र सद्भावको अभ्यास र शान्ति स्थापनामा सहयोग गरिरहेका

### संस्थागत विकास तथा स्थानीय श्रोत परिचालन

- ४२ वटा सहकारी संस्था गठन, तिनलाई तालिम प्रदान र स्थानीय श्रोतको परिचालन
- रु. १ करोडको केन्द्रीय घुम्ती कोष र रु.३ करोडको स्थानीय घुम्ती कोष - सा.प. /आ.आ.स.द्वारा परिचालन

### जीविकोपार्जनमा वृद्धि

- २,००० जनाभन्दा बढी मानिसहरू (२५% महिला)लाई सीप विकास तालिम जसमध्ये ६०% रोजगार

### ग्रामीण पूर्वाधार र वातावरण संरक्षण

- उत्तरी गोरखामा ९२ कि.मि. घोडेटो बाटो निर्माण (हरित सडक अवधारणाबाट)
- गोरखामा ४७ कि.मि. हरित सडक निर्माण
- १३५ खानेपानी आयोजनाहरू, ३७ वटा विद्यालय भवन, ४५ वटा सामुदायिक भवन, ३ वटा लघुजलविद्युत, ७ वटा झोलुङ्गे पुल, आदि ।
- सामुदायिक वन, वृक्षारोपन, बाढी/भूक्षय रोकथाम, आदि ।

## सामाजिक परिवार (सा.प.)

**सामाजिक परिवार** भनेको अधिकाँस दलित र आदिवासी-जनजाति रहेका विपन्न/सिमान्तकृत र बहिस्कृत समुदायका मानिसहरूको त्यस्तो **सहिष्णु र समावेसी** सामाजिक समुह हो जो आफ्नो समुहका सदस्यहरूको समग्र उन्नतीको लागि सशक्तिकरणका गतिविधिहरूमा लागीपरेका हुन्छन् । मानवअधिकार तथा विकासमा संलग्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गठन गर्ने अन्य “समुहहरू” विकासका कुनै निश्चित तथा विषयगत क्षेत्रहरूमा केन्द्रीत हुन्छन् र मानव जीवनका अन्य पक्षहरू ओझेलमा पर्छन् वा तिनलाई नकारिन्छ । तर **सामाजिक परिवार** भनेको एउटा विस्तारित घरपरिवार जस्तै गाउँ वा टोलकै ठूलो परिवार हो जसका सदस्यहरु भावनात्मक रूपमा एकअर्कासँग गाँसिएका हुन्छन् र एक अर्काका खुसी र दुःख बाँड्छन् । सामाजिक परिवारहरू आफ्नो दैनिक जीवनको बहुआयामिक पक्षहरूलाई सम्बोधन गर्न सँगै मिलेर कामहरू गर्दछन् र आफ्नो समुदायमा सामाजिक तथा आर्थिक पुँजीको रूपमा भूमिका निभाउँछन् । सामाजिक परिवार एउटा गुठी जस्तै हो जसका हरेक सदस्यले गुठियारको भूमिका निभाउँछन् । यसरी सामाजिक परिवार आधारभूत तहमा रहेका मानिसहरूको यस्तो एउटा संरचना (लक्षित वर्ग र माध्यम दुबै) हो जसले सबै प्रकारका मानवअधिकारहरूको संरक्षण, दावी र अभ्यास गर्दछ ।

हरेक जिल्लामा सामाजिक परिवार मार्फत गा.वि.स.हरूमा सशक्तिकरण/विकासका गतिविधिहरू आत्म निर्भररूपमा सञ्चालन गर्नको लागि एउटा जिल्ला सामाजिक परिवार गठन गरी दर्ता गरिन्छ । यी जिल्ला सामाजिक परिवारहरू समग्रसँग आबद्ध भएर संस्थागत भई समग्रका सशक्तिकरणका दर्शन र विधिहरूलाई अङ्गिकार गर्नेछन् । समग्रले आफ्नो अभियानको एउटा खण्डको रूपमा सहकारी आन्दोलन पनि सञ्चालन गर्दै आएको छ । हरेक गा.वि.स.मा रहेका सबै सा.प.हरूले एउटा सहकारी संस्था निर्माण गरी वा मौजुदा सहकारीमा आबद्ध भई सञ्चालन गर्छन् जसले सा.प.सहकारीताको अवधारणालाई आफ्नो समुदायभित्र मजबुत बनाउन मद्दत गर्नेछ । यसले सा.प.लाई आर्थिक स्रोत परिचालन गर्न कानूनी मान्यता प्राप्त संस्थाको कार्य मात्र गर्ने छैन सा.प.का सदस्यहरूको व्यक्तिगत आर्थिक आवश्यकता परिपूर्ति गर्न पनि सहायता गर्नेछ ।

## कार्यक्रमले समेटेका जिल्लाहरू

- पाँच वर्ष भित्रमा समेटिने
- कार्यक्रमले समेटेको
- कार्यक्रमले समेटेको (बढि जोडदाररुपमा)







**२०६८ पौष ३ मा भएको साधारण सभाबाट निर्वाचित कार्यसमिति**

अध्यक्षः कञ्चन लामा, उपाध्यक्षः दुर्गादत्त घिमिरे, महासचिवः सूर्य प्रसाद नेपाल, सचिवः बाबुकाजी अधिकारी, कोषाध्यक्षः चमेली प्रधान, सदस्यहरूः छेवाङ्ग ग्याल्चेन लामा, सतौन देवी सदा, वीणा सिन्हा र अवध नारायण यादव ।

## सल्लाहकार समिति

१. बिहारीकृष्ण श्रेष्ठ
२. बालकृष्ण लाल जोशी
३. कृष्ण मुरारी भण्डारी
४. डा. अरुणा उप्रेती
५. लक्ष्मण प्रसाद ज्ञवाली
६. लक्ष्मण आचार्य

## सम्पर्क


समग्र विकास सेवा केन्द्र
हस्पिटल मार्ग, चावहिल
पो.ब. नं. १३२७८, काठमाण्डौ
फोनः ४४६९६४९, २०७५१०३, फ्याक्सः ४४६९६४९
इमेलः info@samagra-nepal.org.np

**लहान क्षेत्रीय कार्यालय**
कुशवाहा चोक, लहान-४, सिरहा
फोनः ०३३-५६०५७६

**गोरखा क्षेत्रीय कार्यालय**
हरमटारी, गोरखा बजार, गोरखा
फोनः ०६४-४२१३६८


जिल्लाका सम्पर्क नम्वरहरु केन्द्रीय/क्षेत्रीय कार्यालयहरुबाट प्राप्त गर्न सकिन्छ ।

# समग्र



## सिमान्तकृत मानिसहरूको सशक्तिकरण मा

# सामाजिक परिवार

www.samagra-nepal.org



माउरीपालन तालिम

**संक्षिप्त परिचय** समग्र विकास सेवा केन्द्र मुनाफा आर्जन नगर्ने नेपालको एउटा यस्तो संस्था हो जसले स्वावलम्बी, विकासोन्मुख र गतिशील समाजको परिकल्पना गरेको छ जसमा हरेक व्यक्तिको मानव अधिकार सुनिश्चित हुन्छ । आफ्ना मानव अधिकारहरुको दावी र उपभोग गर्नको लागि सुसाशन सहित राजनितिक, समाजिक, आर्थिक र मानवीय पुँजी प्रवर्द्धनको माध्यमद्वारा सिमान्तकृत तथा विपन्न समुदायलाई सशक्तीकरण गर्नु नै यसको ध्येय रहेको छ । यसको लागि यसले अँगिकार गरेको विधि **सामाजिक परिवारहरुको** गठन, तिनको समग्र सशक्तीकरण र परिचालन हो । समग्रका कार्यकर्ता तथा कर्मचारीहरुको उत्प्रेरणा र सहयोगमा गाउँ तथा टोलहरूमा संगठित सामाजिक परिवारहरूलाई विज्ञहरुको सहायताले आवश्यकतानुसार सम्बन्धित विषयका शीप, ज्ञान र जानकारीहरू प्रदान गरिन्छ ।

समग्रका प्रवर्द्धकहरूले समग्र विकास र सशक्तीकरणको यो विधि सफलतापूर्वक परिक्षण गरिसकेका छन् । २०४१ सालमा पाल्पा जिल्लाको दलित, जनजाती तथा अन्य विपन्न समुदायको बाहुल्यता रहेको झडेवा गा.वि.स.को बगाले गाउँबाट यो अभियान सुरु गर्दा नेपालमा गैरसरकारी संस्थाको अवधारणा नै नयाँ थियो ।

२०५३ साल बैशाख २८ गते काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई समाज कल्याण परिषदमा आवद्ध भएको यस संस्थाको हाल सिराहा, सप्तरी, उदयपुर, धादिङ्ग, गोरखा र लमजुङ्ग जिल्लाहरू प्रत्येकमा **जिल्ला सामाजिक परिवार** गठन भई दर्ता समेत भइसकेका छन् भने नियमित कर्मचारीहरु तथा कार्यकर्ता सहितका जिल्ला कार्यालयहरू सञ्चालित छन् । यसदेखि अतिरिक्त समग्रको कार्यक्रमले निम्न थप छ वटा जिल्लाहरू समेटेको छ : भोजपुर, सँखुवासभा, धनुषा, महोत्तरी, तनहु र जुम्ला । आगामी ५ वर्षमा मध्य तराई र मध्यपश्चिमका थप १३ जिल्लाहरूमा र आगामी १५ वर्षमा पूरै ७५ वटा जिल्लाहरूमा यो कार्यक्रम पुऱ्याउने लक्ष्य लिइएको छ ।

समग्रको दीर्घकालीन उद्देश्य यस्तो छ- *“ दलित, आदिवासी जनजाती, मधेसी तथा अन्य बहिस्कृत / सिमान्तकृत समुदायका मानिसहरुलाई सशक्तिकरण गर्ने जसले गर्दा तिनीहरुले मानव अधिकारको उपभोग गरिरहेका र शान्तिपूर्ण वातावरणमा आत्मसम्मानका साथ सुध्रिढ जीविकोपार्जन गरिरहेका हुनेछन् ।”*